# जलेश्वर नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## जलेश्वर, महोत्तरी मधेश प्रदेश

पत्र संख्या:- ०८१/०८२
च.नं.:- 9653

मितिः-२०८१।०९।२१

**विषय : सूचना टाँस गरि जानकारी पठाई दिन हुन ।**

श्री जिल्ला प्रशासन कार्यालय
महोत्तरी, जलेश्वर
श्री जिल्ला समन्वय समितिको कार्यालय
महोत्तरी, जलेश्वर
श्री करदाता सेवा कार्यालय
महोत्तरी, जलेश्वर
श्री भुमिसुधार तथा मालपोत कार्यालय
महोत्तरी, जलेश्वर
श्री कोष तथा लेखा नियन्त्रकको कार्यालय
महोत्तरी, जलेश्वर
श्री उधोग वाणिज्य संघको कार्यालय
महोत्तरी, जलेश्वर

प्रस्तुत विषयमा यस जलेश्वर न.पा.कार्यालयको अधिनस्तमा रहेको जि. महोत्तरी जलेश्वर न. पा. वडा नं. ३ स्थितको बडका पोखरी र छपकाहा पोखरीको सूचना पाना थान २ यसै पत्र साथ संलग्न राखी पठाईएको छ। तहाँ कार्यालयको सूचना पाटीमा टाँस गरि सो को जानकारी पठाई दिन हुन अनुरोध छ।

.....................................
प्रमुख प्रशासकिय अधिकृत

टेलिफोनः :०४४-५२०१४३ फ्याक्सः०४४-५२०१४३ - जलेश्वर,महोत्तरी, नेपाल
इ-मेल : info@jaleshwarmun.gov.np;eo@jaleshwarmun.gov.np
वेव साइटः http://www.jaleshwarmun.gov.np

CamScanner

# जलेश्वर नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
जलेश्वर, महोत्तरी मधेश प्रदेश


पत्र संख्या:- ०८१/०८२
च.नं.:-

मिति:-२०८१।०९।२१

## सूचना । सूचना ॥ सूचना ॥।

**प्रथम पटक सूचना प्रकाशित मिति:- २०८१।०९।२१**

जिल्ला महोत्तरी जलेश्वर नगरपालिका वडा नं.३ पछियारी टोल मलिबारा स्थितको बडका पोखरी र खैरा स्थितीको छपकाहा पोखरीहरुको आ.व.२०८१।०८२ को २०८१ साल माघ १५ गते देखि आ.व. २०८६।०८७ को २०८६ साल माघ १४ गते सम्म वर्ष ५ को लागि ठेक्का बन्दोवस्त गर्नु पर्ने भएकोले इच्छुक माहानुभावहरुले निम्न शर्तको अधिनमा रही शिलबन्दी दरभाउपत्र दिन हुन सर्वसाधारणको जानकारीको लागि यो १५ दिने सिलबन्दी दरभाउपत्र दर्ता गराउन हुन सुचना प्रकाशित गरिएको छ ।

**तपसिल**

१.उल्लेखित पोखरीको शिलबन्दी दरभाउपत्र दिनु पर्ने छ र शिलवन्दी दरभाउपत्र खाममा पोखरीको नाम उल्लेख भएको हुनुपर्ने छ ।

२.दरभाउ पत्र फाराम दस्तुर यस कार्यालयबाट पछि फिर्ता नहुने गरी रु.१,०००।-तिरी १५ औं दिन सम्म यस कार्यालयवाट कार्यालय समय सम्म खरिद गर्न सकिनेछ ।

३. दरभाउपत्र १६ औं दिन दिनको १:०० बजे सम्म यस कार्यालयमा दर्ता गराई सक्नु पर्नेछ ।

४.पर्न आएको शिलवन्दी दरभाउ पत्र १६ औं दिन दिनको ३ :०० बजे प्रतिनिधिहरुको रोहवरमा खोलिने छ । सो समयमा दरभाउ पत्र दाता वा निजको प्रतिनिधि उपस्थित नभए पनि दरभाउ पत्र खोलिने काम रोकिने छैन ।

५. शिलवनदी दरभाउ पत्र दिने व्यक्ति नेपाली नागरिक भएमा ५ प्रतिशत यस कार्यालयको जलेश्वर स्थित रहेको रा.बा.बैंकमा धरौटी हि.नं. १२७०१००३०३००००३ मा जम्मा गरेको बैंक भाउचर सक्कल, टिकट वापत रु.१०।-को नोट तथा फर्मको हकमा नविकरण सहितको फर्म लगायत अन्य प्रमाणपत्रको प्रतिलिपि सम्वन्धी कागजातहरु व्यक्तिको हकमा ना. प्र. पत्रको फोटोकापी समेत दरभाउ पत्र साथ संलग्न राखि पेश गर्नुपर्ने छ तथा धरौटी रकम नगदलाई मान्यता दिईने छैन ।

६. सबै भन्दा वढी कबुल अंकवालाको ठेक्का स्वीकृत भएपछि तोकिएको समयमा पट्टा उठाउनु पर्नेछ । पट्टा उठाउन नआएमा राखेको धरौटी रकम जफत गरी नियमानुसार क्रमश: ठेक्का अर्कोलाई दिने नदिने अधिकार कार्यालयमा सुरक्षित रहनेछ ।

७. ठेक्का स्विकृत भएपछि स्वीकृत ठेक अंकको प्रथम किस्ताको रकम यस कार्यालयमा बुझाउनुपर्ने र दामासाहीले १ किस्ता बराबरको नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त (क) वर्ग बैंकको कम्तीमा १ वर्ष म्याद भएको जमानी पत्र वा २ किस्ता बराबरको नगदै रकम कार्यालयमा प्राप्त भएपछि पट्टा दिने र कबुलियतको कार्य हुनेछ । साथै अन्य किस्ताको हकमा अगामी वर्षको पौष मसान्त भित्र अर्को किस्ता बुझाउनु पर्ने छ र सो नबुझाएमा ठेक्का रद गर्ने तर्फ कार्यवाही भै जाने छ ।

८.किस्ताको हकमा कवुल अंकको ५ किस्ता कायम गरिनेछ । पहिलो किस्ता पट्टा उठाउने दिन र अन्य किस्ता कार्यालयले तोकिएको मितिमा वुझाउनु पर्नेछ ।

९.दरभाउ पत्र फाराममा कुनै किसिमको शर्त वा कैफियत उल्लेख गर्न पाईने छैन । उल्लेख गरेको दरभाउपत्र स्वत: रद्ध हुनेछ ।

१०. ठेकदारको सम्झौता गर्दा ठेक्का अनुसारको सम्पुर्ण किस्ता रकम एकमुस्ट बुझाएमा बढीमा १० प्रतिशत सम्म छुट दिन सकिनेछ ।

प्रमुख प्रशासकिय अधिकृत


टेलिफोन: :०४४-५२०१४३ फ्याक्स:०४४-५२०१४३ - जलेश्वर,महोत्तरी, नेपाल
इ-मेल : info@jaleshwarmun.gov.np;eo@jaleshwarmun.gov.np
वेव साइट: http://www.jaleshwarmun.gov.np


CamScanner

# जलेश्वर नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## जलेश्वर, महोत्तरी मधेश प्रदेश

पत्र संख्या:- ०८१/०८२
च.नं.:-

मितिः-२०८१।०९।२१

११. नगरपालिकाले तोकिएको समयमा किस्ता रकम नबुझाएमा १० प्रतिशत ब्याज सहित असुल गरिनेछ । वा नियमानुसार ठेक्का रद्ध गरि धरौटी जफत गर्न सकिनेछ ।

१२. ठेक्का लिदाँ नेपाल सरकारलाई बुझाउनु पर्ने कर , दस्तुर स्वयम ठेकेदारले नै बुझाउनु पर्नेछ र बुझाएको प्रमाण पेश हुन आएमा धरौटी रकम फिर्ता गरिनेछ ।

१३. पोखरीको चलन गर्दा साविकको आकार प्रकारमा न.पा. को स्वीकृती विना कुनै पनि किसिमले हेरफेर गर्न पाईने छैन ।

१४. पोखरीमा कुनै किसिमको विकास निर्माण कार्य गर्नु परेमा नगरपालिका कार्यालयले कुनै समयमा कुनै काम गर्न सक्नेछ । विकास निर्माणको कार्य गर्दा क्षतिपुर्ति सम्वन्धमा न.पा. को निर्णय अनुसार हुनेछ ।

१५. ठेक्का लिदाँ हुने हानीनोक्सानी, दैवी प्रकोप वा अन्य हानीं नोक्सानीको जवाफदेही कार्यालयको नभई स्वयं ठेकदार नै हुनेछ । अन्य कुरा प्रचलित कानून अनुसार हुनेछ ।

१६. यस कार्यालयको कुनै पनि ठेक्काको रकम वाकी रहेको व्यक्तिलाई ठेक्का दिइने छैन ।

१७. नगरपालिकाले दिएको निर्देशन र निर्णयको पालन ठेकदारले गर्नुपर्ने छ ।

१८. कवुल अंकमा ठेक्का दिने नदिने सम्पुर्ण अधिकार कार्यालयमा सुरक्षित रहनेछ ।

१९. रित नपुगेको वा म्याद नाघी आएको वोलपत्र माथि कुनै किसिमको कार्यवाही गरिने छैन ।

२०.अन्य कुरा वुझ्नु परेमा कार्यालय खुलेको समयमा कर शाखामा सम्पर्क राखी जानकारी लिन सकिनेछ ।

२१. यस सुचनामा उल्लेखित वाहेकका विषयमा प्रचलित नेपाल कानून अनुसार हुनेछ ।

२२.वडका पोखरीको न्यनूतम अंक रु.१७,७०,०००।-

२३. छपकाहा पोखरीको न्यनूतम अंक रु.१,५०,०००।-

प्रमुख प्रशासकिय अधिकृत

टेलिफोनः :०४४-५२०१४३ फ्याक्सः०४४-५२०१४३ - जलेश्वर,महोत्तरी, नेपाल
इ-मेल : info@jaleshwarmun.gov.np;eo@jaleshwarmun.gov.np
वेव साइटः http://www.jaleshwarmun.gov.np

CamScanner